स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार : व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



अभिनेता नाजिर हुसेनका दुई फिल्म 'अगस्त्य' र 'गुन्यू चोलो' प्रदर्शनको तयारीमा छन् । यी दुवै फिल्ममा नाजिरको भूमिका फरक छ । 'अगस्त्य'मा एक्सन भूमिकामा छन् भने 'गुन्यू चोलो'मा 'ट्रान्सवुमन' बनेका छन् । 'अगस्त्य' यही शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । आफूलाई लिएर बनेको मधेशी चरित्र मात्र गर्न सक्छ भन्ने भाष्य 'अगस्त्य'ले तोड्छ भन्ने नाजिरलाई विश्वास छ । 'अगस्त्य'मा फरक लुक्सभन्दा पनि विभिन्न इमोसनमा काम गर्न पाएकोमा उनी खुसी देखिन्छन् ।

**आजको विचार...**



श्रीचन्द्र खतिवडा

सार्वजनिक... (दुई पेजमा)



अभिनेत्री नीता ढुंगानाले निर्माण गरेको फिल्म 'ह्रस्वदीर्घ'लाई उत्तर अमेरिकामा एभरेस्ट इन्टरटेनमेन्ट तथा इ-पिक इन्टरटेनमेन्टले रिलिज गर्ने भएका छन् । हालै छायांकन सकिएको यो फिल्म स्वदेशमा भने असोज ११ गते रिलिज हुनेछ ।

❐ वर्ष २९ ❐ अंक २११ ❐ २०८० फागुन १६ गते बुधबार 28 February 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# कोदोबाट बिस्कुट उत्पादन, किसान भए उत्साहित

रासस

**गलकोट (बागलुङ),** फागुन १५/ पुरानो खाद्यन्न बाली कोदोलाई बागलुङमा 'ब्रान्डिङ' गरेर यसको पिठोबाट बिस्कुट उत्पादन गर्न थालिएको छ । घरेलु उद्योगमार्फत काठेखोला गाउँपालिका-८ लेखानीका युवा चानसिंह श्रीसले कोदोको बिस्कुट उत्पादन गरेर बिक्री गर्न थालेका हुन् ।

गाउँमै उद्यम गरेर स्वरोजगार बन्नका लागि सात वर्षदेखि कोदोको बिस्कुट बनाउने विषयमा अध्ययन तथा अनुसन्धानपछि उनले कोदोको बिस्कुट उत्पादनमा सफलता हासिल गरेका छन् । विस २०७७ मा सो उद्योग स्थापना भएको थियो । लामो समयदेखि आलु, कोदो, जौ र मकैको बिस्कुट बनाउनका लागि अध्ययनपश्चात् पहिलो चरणमा कोदोको बिस्कुट उत्पादन गरेको युवा व्यवसायी श्रीसले जानकारी दिए । कोदोपछि आलुको बिस्कुट बजारमा पठाउने उनको योजना रहेको छ । 'जागीरको मानसिकता थिएन, पाँच वर्ष काठमाडौंमा रेष्टुराँ व्यवसाय गरे, पढाइमा स्नातक सके पनि जागीर खाइन, कोरोनाकालमा गाउँ फर्केपछि रेष्टुराँ बन्द भयो, यही उद्योगमा लागे', उनले भने, '५० लाख लगानीमा कोदोको बिस्कुट बजारमा पुर्‍याएको छु,




अहिले धेरै स्थानबाट कोदोको बिस्कुटको माग बढिरहेको छ, कोदोको बिस्कुटको निकै राम्रो सम्भावना देखेको छु ।' कुनै समय गरिबको खानाको रुपमा चिनिएको कोदोको परिकारको महत्व पछिल्लो समय बढिरहेको सन्दर्भमा युवा व्यवसायी श्रीसले नेपालमै पहिलोपटक कोदोको बिस्कुट बजारमा ल्याएको दाबी गरे । आफूले सिए अध्ययन गर्ने क्रममा विभिन्न उद्योगको अवलोकन भ्रमणको क्रममा बिस्कुट कम्पनीको अध्ययन गरेको बताउँदै सिए बन्ने सपना पूरा नभए पनि उद्यमी बन्ने सपना पूरा गर्नतर्फ लागेको बताए । उनले अहिले गुणस्तरीय प्याकेटमा ७० ग्रामको कोदोको बिस्कुटलाई २० मा बजार पठाएको बताए । उद्योग स्थापनाका लागि गण्डकी प्रदेश सरकारले ग्रामीण साना घरेलु उद्योग स्थापना कार्यक्रम अन्तर्गत १० लाख अनुदान पाएपछि आफूले उद्योग सुरु गरेको श्रीसको भनाइ छ । गाउँमा रहेको कच्चा पदार्थ कोदोलाई ब्रान्ड बनाउन सके कोदोको उत्पादन बढ्ने उनले बताए ।

'पछिल्लो समय कोदो खेती कम हुँदै आएको छ, संरक्षण गर्नुपर्ने अवस्थामा पुग्न थालेको कोदोलाई गाउँमै उद्योग स्थापना गरी बिस्कुट उत्पादन गरेर बजारीकरण गर्दा कोदो उत्पादक किसानसमेत उत्साहित हुन थालेका छन्', उनले भने, 'बजारमा गहुँ, जौ र मकैको बिस्कुट आए पनि कोदोको बिस्कुट आएको थिएन, कोदो, गहुँ, घ्यू र तेलको समिश्रणमा उक्त बिस्कुट तयार हुन्छ, माग बढ्दै गएपछि उत्पादन बढाउने योजनामा छु ।' जिल्लाको बजारमा बिक्रीका लागि पठाइएको कोदोको बिस्कुटको माग बढेको मात्रै छैन नमूना बजारीकरणका लागि पोखरा र काठमाडौँको सुपर मार्केटमा समेत पठाएको उनको भनाइ छ । आफूले उत्पादन गरेको बिस्कुट खाद्य तथा गुण नियन्त्रणको कार्यालयबाट प्रमाणित भइसकेपछि बजारमा पुगेको हो । अर्गानिक गाउँको उत्पादित कोदोबाट बनाइएको बिस्कुटले स्वास्थ्यलाई समेत फाइदा गर्ने उनको भनाइ छ । दैनिक ६० केजी बिस्कुट उत्पादन गर्ने क्षमता उद्योगको रहेको छ । उद्योगमा अहिले दुई जनालई प्रत्यक्ष रोजगारीसमेत दिइएको छ । कोदोको बिस्कुटको प्याकेजिङमा कृषि ज्ञान केन्द्रले सघाउने उनको भनाइ छ ।

## सक्षिप्त समाचार

### कडा मौसमले मङ्गोलियामा २१ लाख पशु मरे

(रासस/सिन्ह्वा)

**उलान बाटोर,** फागुन १५/'जुड' नामक अत्यधिक चिसोले मङ्गोलियामा यो जाडो मौसममा अहिलेसम्म २१ लाखभन्दा बढी पशु मरेको राज्य आपत्कालीन आयोग (एसइसी) ले मंगलबार बताएको छ ।

"आजसम्म मुलुकभर जुडका कारण कम्तीमा २१ लाख ३६ हजार पाँच सय तीन पशु मरेका छन्", एजेन्सीले भनेको छ । उक्त आँकडा अघिल्लो वर्षको तुलनामा ८५ प्रतिशतले बढी हो । जुड अत्यधिक चिसो अर्थ दिने मङ्गोलियाली शब्द हो । अत्यधिक चिसोले जमिन जमेको वा हिउँले ढाकिएका कारण ठूलो संख्यामा पशु मर्ने गर्छन् । मुलुकको मौसम अनुगमन एजेन्सीका अनुसार मङ्गोलियामा यो वर्षको जाडोमा सामान्यभन्दा धेरै हिमपात भएको छ । मुलुकको ८० प्रतिशतभन्दा धेरै भूभाग अहिलेसम्म एक सय सेन्टिमिटरसम्म बाक्लो हिउँले ढाकेको छ । विश्वको अन्तिम जीवित फिरन्तेहरूको मुलुकमध्ये एकका रूपमा मङ्गोलियाले हालै कडा चिसो र पशुधनको क्षतिका कारण आफ्नो प्रकोप तयारीलाई उच्च सतर्कतामा राखेको छ ।

भूपरिवेष्ठित मङ्गोलियाको खानीमा निर्भर अर्थतन्त्रमा विविधता ल्याउन पशुपालनलाई प्रवर्द्धन दिनु सबैभन्दा व्यावहारिक तरिका मानिन्छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको संख्या छ करोड ४७ लाख थियो ।

## कर्मचारी आवश्यकता

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**
**संख्या :** केही
**योग्यता :** +२ उत्तीर्ण
**तलव :** नियम अनुसार
**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

"पाल्पामा कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार, छ सम्भावना अपार"

**सबैको उत्सव, तानसेन महोत्सव**

**तानसेनको टुँडिखेल जाऔं, तानसेन महोत्सव २०८० मा सहभागी बनौं**

फागुन १९ देखि २९ गतेसम्म टुँडिखेल मैदान, तानसेन, पाल्पा



अब ३ दिन बाँकी

मुख्य आयोजक
**तानसेन नगरपालिका**
**तानसेन, पाल्पा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## परिवर्तनको अनुभूति हुनुपर्छ

नेपाली राजनैतिक वृतमा अहिले व्यापक अराजकता मौलाएको अवस्था छ । पुराना दलका नेताहरुका कारण समस्याहरु उत्पन्न भएको आरोप लगाई रहदा आफु र आफ्नो पुस्ता कसरी असल बन्ने भन्ने विषयमा धेरैले ध्यान दिन सकेका छैनन् । आत्मरतीका कारण पनि यी र यस्ता समस्याहरु सिर्जना भएका हुन् । मौलाएको अनियमितता अनि बहुलवादी जनतन्त्रमा अभिप्रेरित हाम्रो समाजले गर्ने हरेक क्रियाकलापमा राजनैतिक चरित्रमा भएको बेइमानीका करणका कारण पनि समस्याहरु बढ्दै गएका हुन् । हाम्रो समाज अत्यान्तै बहुलवादी आचारणका कारण नयाँ रुपान्तरणका लागि देखिएका अनायास प्रयासहरु विकासशील देशबाट आयतित गरिएका कारण पनि देश र हाम्रो भेष अनुकुल भएन कि भन्ने चिन्ता र चासो सबैमा व्याप्त छ । चिन्ता र चासोले मात्रै पनि समस्याको समाधान गर्न सक्दैन भन्ने कुरामा हामी विश्वस्त हुनुपर्ने देखिन्छ ।

मुलुकले नयाँ रोडम्याप बनाएर अगाडि नबढ्ने हो भने देश र जनताका समस्या सम्बोधन हुने अवस्था छैन । त्यस कारण हामी र हाम्रा राजनैतिक चरित्र भएका दलहरुले आफु र आफ्ना नीति र कार्ययोजनामा व्यापक सुधार गर्ने बाहेक केही पनि हुन सक्दैन । लाज बचाउने काम मात्रैले देश चल्दैन, मुलुक विकासको गतिमा अगाडि बढ्न सक्दैन, केही गर्न र हुनका लागि हामी र हाम्रा कार्यशैलीहरुले नयाँ युगका आवश्यकतालाई परिपूर्ति गर्न सक्नुपर्ने हुन्छ । राजनैतिक आचरणका साथै व्यवहार अनि चरित्रमा पनि निखार आउनुपर्ने दिन आएका छन् अहिले । युवा बेरोजगारी अन्त्यका लागि सबैको अर्जुन दृष्टि आवश्यक छ । अनि मात्र मुलुकले परिवर्तन र परिस्कृत भएको अनुभूति गर्न सक्छ । त्यसका लागि इच्छा शक्ति र इमादारिता आवश्यक सुत्र हुन् । अन्यथा खाली बोली र आश्वासनले मात्रै केही पनि हुदैन । अब व्यवहारमै परिवर्तन आवश्यक छ ।

## Opinion @ Social Network

तस्वीर मात्र पुरानो हुन्छ, त्यो तस्वीरले बोकेर ल्याउने सम्झना त
कति हो कति ताजा हुन्छ, कुनै हिसाब होला र !
*(समी थापाको फेसबुकबाट https://www.facebook.com/Sami.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सार्वजनिक खरिद व्यवस्थापनका जटिलता र अबको बाटो



श्रीचन्द्र खतिवडा

*सार्वजनिक खरिद व्यवस्थापनको प्रत्यक्ष सम्बन्ध योजना निर्माण, बजेट कार्यान्वयन, पूँजीगत खर्च तथा सेवा प्रवाहसँग रहने हुनाले समग्र विकास व्यवस्थापनमा यसको उल्लेखनीय भूमिका रहेको देखिन्छ । विश्वव्यापी तथ्यांक हेर्दा सार्वजनिक खरिदले कुल गार्हस्थ्य उत्पादनको करिब १२ देखि २० प्रतिशत ओगटेको देखिन्छ । नेपालमा वार्षिक बजेटको करिब ७० प्रतिशत सार्वजनिक खरिदसँग सम्बन्धित बजेट भएको परिप्रेक्ष्यमा यसको गाम्भीर्य तथा महत्व स्पष्ट हुन्छ । महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदन २०७९ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पछिल्ला वार्षिक प्रतिवेदनहरूका अधिकांश विषय सार्वजनिक खरिदसँग सम्बन्धित थिए । यो बेरुजु तथा अनियमितताको ठूलो स्रोतका रूपमा रहेको यथार्थले सार्वजनिक खरिदको क्षेत्रमा सारभूत रूपमा नै समस्या र बेथितिहरू रहेको स्पष्ट हुन्छ । सार्वजनिक खरिद कानुनमा समयानुकूल संशोधन हुनसकेको छैन भने प्रदेश र स्थानीय तहमा खरिद कानुन बनाउने र अभ्यास गर्ने-गराउने गरी सुधारका कार्य पनि हुनसकेको छैन ।*

सार्वजनिक खरिद व्यवस्थापन सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण खम्बा हो । सार्वजनिक कोषको प्रयोग गरी नागरिकका सेवा प्राप्ति गर्ने संवैधानिक तथा कानुनी अधिकारहरूलाई सम्बोधन गर्ने विषय निकै महत्वपूर्ण मानिन्छ । त्यसैले आज विश्वव्यापी रूपमा नै यसको विविध आयामलाई निकै चासोका साथ अध्ययन गर्ने गरिएको छ । सार्वजनिक खरिद व्यवस्थापनको प्रत्यक्ष सम्बन्ध योजना निर्माण, बजेट कार्यान्वयन, पूँजीगत खर्च तथा सेवा प्रवाहसँग रहने हुनाले समग्र विकास व्यवस्थापनमा यसको उल्लेखनीय भूमिका रहेको देखिन्छ । विश्वव्यापी तथ्यांक हेर्दा सार्वजनिक खरिदले कुल गार्हस्थ्य उत्पादनको करिब १२ देखि २० प्रतिशत ओगटेको देखिन्छ । नेपालमा वार्षिक बजेटको करिब ७० प्रतिशत सार्वजनिक खरिदसँग सम्बन्धित बजेट भएको परिप्रेक्ष्यमा यसको गाम्भीर्य तथा महत्व स्पष्ट हुन्छ । महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदन २०७९ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पछिल्ला वार्षिक प्रतिवेदनहरूका अधिकांश विषय सार्वजनिक खरिदसँग सम्बन्धित थिए । यो बेरुजु तथा अनियमितताको ठूलो स्रोतका रूपमा रहेको यथार्थले सार्वजनिक खरिदको क्षेत्रमा सारभूत रूपमा नै समस्या र बेथितिहरू रहेको स्पष्ट हुन्छ ।

सार्वजनिक खरिद कानुनमा समयानुकूल संशोधन हुनसकेको छैन भने प्रदेश र स्थानीय तहमा खरिद कानुन बनाउने र अभ्यास गर्ने-गराउने गरी सुधारका कार्य पनि हुनसकेको छैन । माथि उल्लिखित दृटान्तहरूबाट बहुआयामिक पक्षहरूलाई सरोकार राख्ने विषयवस्तु भए पनि नेपालको सार्वजनिक खरिद व्यवस्थापन समस्या तथा अन्योलको भुमरीमा रहेको तथ्य उजागर हुन्छ ।

**के हो चुरो समस्या ?**

देशको समग्र पूँजीगत खर्चसँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक खरिद नेपालको सन्दर्भमा सबैभन्दा बेवास्तामा परेको छ । सार्वजनिक खरिद सम्बन्धी नीति तथा कानुन रुनै नीतिनिर्माता तथा प्रशासनिक नेतृत्वको चासोको विषय बन्न सकेको छैन । सार्वजनिक खरिद अनुगमन कार्यालयमा सरुवा भएर आउने नेतृत्व वर्गले जबरजस्ती पेलिएर, हुत्याइएर पठाइएको महसुस गर्छन् । बजेट अभाव छ । कर्मचारी वृत्तमा उत्प्रेरणाको अभाव छ । यिनै विषयबाट सिर्जित प्रवृत्तिगत तथा संरचनागत समस्या धेरै छन् । १७ वर्षभन्दा पुरानो ऐन कानुनको भरमा समग्र सार्वजनिक खरिद सञ्चालन गरिरहनुपरेको अवस्थामा यसको सुधार तथा परिमार्जनमा सरोकारवालाहरूको पर्याप्त ध्यान पुग्न सकेको देखिंदैन । संघीयता कार्यान्वयन भएको दुई कार्यकाल हुनै लाग्दा समेत संघीयता अनुकूल सार्वजनिक खरिद ऐन र नियमावलीहरू परिमार्जन हुनसकेको छैन । यस्तो पृष्ठभूमिमा सार्वजनिक खरिद सम्बन्धी सक्षम मानव स्रोत विकास गर्ने-गराउने कुनै पनि मार्गचित्र योजना नहुनु अर्को दु:खद् पक्ष हो ।

**खरिद योजना : फगत देखाउने दाँत मात्र**

नेपालको सार्वजनिक खरिदको क्षेत्रमा देखिएको विविध समस्यामध्ये खरिद योजनामा देखिएको समस्या एउटा मुख्य हो । वार्षिक १० लाखभन्दा बढीको सार्वजनिक खरिद गर्ने सार्वजनिक निकायले अनिवार्य रूपमा वार्षिक खरिद योजना बनाउनुपर्ने तथा १० करोडभन्दा बढी वा बहुवर्षीय आयोजना भए खरिद गुरुयोजना बनाउनुपर्ने कानुनी व्यवस्था छ । तर, यसको अक्षरश: कार्यान्वयन हुनसकेको छैन । लागू गरिएका खरिद योजना तथा गुरुयोजना पनि औपचारिकता पूरा गर्ने तथा देखावटी मात्र छन् । बजेटको विनियोजन तथा खरिदको वास्तविक अवस्था तथा आवश्यकतालाई खरिद योजना तथा गुरुयोजनाले प्रतिबिम्बित गर्न सकेको अवस्था छैन ।

हरेक सार्वजनिक निकायले गर्ने खरिदलाई नियमित वार्षिक क्यालेण्डर बनाई सोही बमोजिम समयमा नै खरिदका प्रक्रियाहरू सम्पन्न गर्न खरिद योजना तथा गुरुयोजना महत्वपूर्ण पक्ष हो तर पनि यसतर्फ विशेष चासो तथा पहलकदमी हुनसकेको छैन । सार्वजनिक खरिदको अनुगमन कार्यालयमा पनि सबै सार्वजनिक निकायको अनुगमन गर्ने तथा निरन्तर सुधारका पहल गर्ने अनिवार्य अत्यावश्यकीय कार्य गर्न पर्याप्त जनशक्ति तथा संगठन संरचना छैन ।

**लागत अनुमान तयारी : वास्तविकता भन्दा पर**

लागत अनुमान यथार्थपरक तथा एकरूपता नहुनु पनि नेपालको सार्वजनिक खरिदको क्षेत्रमा देखिएको अर्को समस्या हो । मुख्यतया लागत अनुमान तयार गर्दा लिइने जिल्ला तथा स्थानीय दररेट बजारको यथार्थ अवस्थासँग मेल खाँदैन । माल-सामान खरिदको सम्बन्धमा सार्वजनिक निकायमा सम्बन्धित प्राविधिक जनशक्ति अभाव छ । लागत अनुमान तयार गर्ने दक्ष जनशक्ति अभाव छ । यस सम्बन्धमा पर्याप्त तालिम तथा ज्ञान-निर्माणका लागि सबै सरोकारवाला निकायको यथेष्ट पहल हुन नसक्नु यसका केही कारण हुन् । वास्तविक र यथार्थपरक लागत अनुमान तयार हुन नसक्दा समग्रमा सम्पूर्ण सार्वजनिक खरिदको जग नै कमजोर तथा गलत बाटोतर्फ जाने र सम्झौता व्यवस्थापनमा विभिन्न कानुनी र प्राविधिक जटिलता आउने गरेको देखिन्छ ।

**खरिदका विधि तथा प्रक्रिया छनोट : नवप्रवर्तनको प्रयोगतर्फ ढिलाइ**

खरिदका विधि तथा प्रक्रियाका सन्दर्भमा सार्वजनिक निकायमा पर्याप्त ज्ञान तथा जानकारी पुग्न नसक्दा उपयुक्त खरिदका विधि छनोट हुनसकेको देखिंदैन । खरिद विधि तथा नमूना बोलपत्र सम्बन्धी कागजातका सम्बन्धमा पनि सार्वजनिक निकायहरूमा प्रशस्तै द्विविधा रहेको अवस्थामा खरिदका विधि छनोटमा नै जटिलता देखिएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएका नमूना बोलपत्र कागजातहरू पर्याप्त छैनन् । तिनले सबै निकायका सार्वजनिक खरिद गर्ने आवश्यकता पूरा हुन सक्दैन । आजको द्रुत विकासको युगमा नवीन विधि तथा अन्तर्राष्ट्रियस्तरमा भएका राम्रा अभ्यासहरूको प्रयोग गरी सार्वजनिक खरिदलाई परिष्कृत, सरल र प्रभावकारी बनाउनुपर्छ जुन जिम्मेवारी सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत अपेक्षित रूपमा पूरा गर्न सकेको छैन । खरिद सम्झौतापश्चात् यसमा उल्लेख गरिएका शर्तहरू अक्षरश: पालना गर्नु-गराउनुपर्ने दायित्व सार्वजनिक निकाय तथा ठेकेदार ( कन्ट्र्याक्टर) दुवैको हुन्छ । नेपालको सन्दर्भमा खरिद सम्झौता सकिएपश्चात् आफ्नो जिम्मेवारी सकिएको महसुस गर्ने सार्वजनिक निकाय तथा सम्झौताका शर्तको पालना गर्नु भन्दा अवाञ्छित गतिविधिमा ध्यान दिने कन्ट्र्याक्टरका प्रवृत्ति साझा समस्याका रूपमा देखिएको छ । खरिद सम्झौताका शर्तहरू पालना नगर्ने, ढिलासुस्ती गर्ने तथा जथाभावी म्याद थप गर्ने-गराउने र समय लम्ब्याउने, जथाभावी भेरिएसन गर्ने र गैरनैतिक स्वार्थको चलखेलमा रमाउने प्रवृत्ति अधिकांश खरिद सम्झौताका नियति बनेको छ ।

**अबको बाटो**

सर्वप्रथम सार्वजनिक खरिद व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यसले देशको पूर्वाधार विकास गरी पूँजीगत खर्च बढाउने तथा रोजगारीका अवसरहरू देशभित्रै सिर्जना गर्ने काम सार्वजनिक मात्र गर्दैन समग्र सार्वजनिक सेवा प्रवाह तथा सुशासन कायम गराउने कार्यमा समेत टेवा पुऱ्याउने काम गर्दछ । तसर्थ सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पुनर्संरचना गर्नुपर्छ । समसामयिक रूपमा खरिद कानुन परिमार्जन गर्नुपर्दछ भने खरिद अनुगमन कार्यालयमा पर्याप्त जनशक्ति टिक्ने गरी उत्प्रेरणाका कार्यक्रम समावेश गर्नुपर्छ । विभिन्न खरिदका नमूना कागजात तथा निर्देशिकाहरू जारी गर्ने विद्युत्तीय खरिद सम्बन्धी पोर्टललाई कामकाजी र बलियो सुरक्षित प्रणाली बनाई मूल्याङ्कन तथा खरिद सम्झौता व्यवस्थापनमा सहजता तथा नवप्रवर्तन ल्याउने लगायतका संरचनागत, प्रणालीगत सुधारका कार्य गर्न जरूरी छ । साथै खरिदका विधि, कानुनी प्रक्रिया सम्बन्धमा व्यापक मात्रामा सहकार्य तथा साझेदारीमा आधारित रही तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । वर्तमान अवस्थामा देशको अर्थतन्त्रलाई चलायमान बनाउने कार्यको आधारशिलाका रूपमा सार्वजनिक खरिद व्यवस्थापनका समग्र आयामलाई संस्थागत सुधार गर्ने कार्य नै सर्वोत्तम सन्तुलित र बुद्धिमानी प्रयास ठहर्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा उमङ्ग र उत्साह छाउला। मित्रताको बन्धन कसिने बेला छ। | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **बृष** : आज लाभहानी, आयव्यय, सुखदु:ख बराबरी मध्यम खालको दिन छ । | **बृश्चिक** :भाग्यले विभिन्न अवसरहरू जुराउनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ । |
| **मिथुन** : समाजसेवामा मन लाग्नेछ । छोटो दुरीको लाभदायक यात्रा पनि हुनेछ। | **धनु** : पारिवारिक साथ मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कर्कट** : आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । प्रेमीको साथ पाइनेछ । | **मकर** : आर्थिक पक्ष कमजोर रहनेछ । स्वास्थ्यप्रति सजग हुन रहनुपर्छ । |
| **सिंह** : शुभ कार्यको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **कुम्भ** : सजिलै अरुको विश्वास जित्न सकिनेछ । विद्या र बुद्धिको विकास हुनेछ । |
| **कन्या** : स्वास्थ्यमा धन खर्च हुनेछ । घरायसी विवाद बढ्न सक्छ । | **मिन** : आज मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । |

# म्युजिक भिडियो हुँदै फिल्मतिर कुसुम

'साँच्चै भन्नु पर्दा सकम्बरीपछि अभिनयमा मजा आएको प्रोजेक्ट यही हो । भिडियो पनि राम्रो बनेको छ,' मोडल कुसुम आचार्यले भनिन्, 'युवराज चौलागाई एक दमै राम्रो गायक हुनुहुन्छ । उहाँको गीतमा काम गर्न पाउँछु भनेर सोचेको पनि थिइनँ ।' प्रकाश सपुतको 'सकम्बरी' बोलको गीतको म्युजिक भिडियोमा 'फूलमाया'को भूमिका निभाएर चर्चामा आएकी मोडल कुसुम शर्माको चर्चा पुन: चुलिएको छ । गत वैशाखमा सार्वजनिक भएको 'सकम्बरी'पछि उनले दुई दर्जन भन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिन्, ती सामान्य नै रहे । यतिखेर गायक युवराज चौलागाईंको 'नभ्रुक्याउन' बोलको गीतको म्युजिक भिडियोमा उनले गरेको अभिनयले प्रशंसा बटुलिरहेको छ । यस म्युजिक भिडियोमा एक युवकसँग मिलेर आफ्नै श्रीमान्लाई धोका दिने युवतीको भूमिका उनले निभाएकी छन् ।



'सकम्बरी'पछि आफूले थुप्रै भिडियो अभिनय गरे पनि चर्चा र अभिनयमा सकारात्मक प्रतिक्रिया भने 'नभ्रुक्याउन'ले दिएको कुसुमको भनाइ छ । यस म्युजिक भिडियोमा गायक युवराज र कुसुम दम्पतीका रूपमा देखिएका छन् । 'उहाँकै गीतमा उहाँसँगै अभिनय गर्न पाउँदा सपनाजस्तो लागिरहेछ,' उनले भनिन्, 'यसपालि मैले आफ्नो अभिनयलाई थप निखारेकी छु ।' गायक कुमार सानु र रानी शाक्यको स्वर रहेको एक हिन्दी गीतको म्युजिक भिडियोमा पनि उनले काम गरेकी पनि छ । नेपालमै छायाङ्कन भएको रामजी लामिछाने निर्देशित भिडियोमा उनले अभिषेक खड्कासँग जोडी बाँधेकी छन् । यो भिडियो सार्वजनिक भएपछि आफ्नो चर्चा अझै चुलिने उनको विश्वास छ । 'म्युजिक भिडियो अभिनयमा आम्दानी त राम्रो रहेछ । अति ठग्दा रहेछन्,' उनी भन्छिन् । काम गराउन हतार गर्नेले पैसा दिन तीन महिना र कतिले त्यो बढी समय लगाएको उनको भनाइ छ । 'काम लगाएर पारिश्रमिक नदिने थुप्रै छन्, अब नाम सार्वजनिक गर्ने मनस्थितिमा छु । कलाकारितामा ठगीको कुरो पहिले सुनेकी थिएँ । अहिले भोगेँ । केटी मानिसलाई हेप्न, दबाउन खोज्ने पनि हुँदा रहेछन् ।' म्युजिक भिडियोमा ठगिने डरले कतिपय कलाकारले काम गर्नु अघि नै पारिश्रमिक लिन्छन् । उनी भने पहिले पैसा लिँदा कामप्रतिको लगाव घट्ने मान्यता राख्छिन् । 'काम सकिएपछि पैसा माग्दा-माग्दा हैरान,' उनले थपिन्, 'कोही त दुई-तीनवटा काम एकैपटक गराएर हराउँछन् ।' यस्ता व्यक्तिले गर्दा कलाकारिता बदनाम भएको उनको ठहर छ ।

**फिल्ममा देखिदैं**

कुसुम पछिल्लो समय आफ्नो परिचय फराकिलो पार्ने तर्खरमा छिन्, फिल्म 'सञ्जीवनी'मार्फत । दिनेश श्रेष्ठको निर्देशन रहने केही अगाडि घोषणा भएको फिल्ममा उनी अभिनेता आर्यन सिग्देलको जोडी बनेर देखिनेछिन् । 'सञ्जीवनी'मा अभिनयका लागि आफू निकै एक्साइटेट रहेको उनी बताउँछिन् । 'फिल्म गर्ने कुरोले खुसीको सीमा नै छैन,' उनले भनिन्, 'सानै देखि आफूलाई ठुलो पर्दामा हेर्ने रहर थियो । त्यो पनि पूरा हुने भयो ।' प्रेमकथामा बन्न लागेको 'सञ्जीवनी'ले सानो उमेर र पाको उमेरबिचको प्रेमकथा भन्ने उनले खुलाइन् । फिल्म साइन गर्दा छायाङ्कन भदौमा हुने बताइएको थियो, तर अहिलेसम्म काम अगाडि बढेको छैन । एक फिल्मको काम अगाडि नबढ्दै अहिले उनको हातमा अन्य दुई फिल्म परेका छन् । जसमध्ये एकमा उनी फाइनल जस्तै छिन् । 'सञ्जीवनी' समयमा छायाङ्कन नहुँदा दुवै फिल्मको सेडुअल जुध्ने हो कि भन्ने चिन्ताले उनलाई सताएको छ । आगामी दिनमा म्युजिक भिडियो र फिल्मलाई एकसाथ अगाडि बढाउने कुसुमको सोच छ । जुन कठिन छ, उनले बुझेकी पनि छिन् । 'म म्युजिक भिडियोबाट चिनिएकी हुँ । फिल्म अभिनय गर्दै गर्दा भिडियो खेल्दिनँ भन्न मिल्दैन,' उनी भन्छिन्, 'काम गर्दै जाँदा जुन राम्रो हुन्छ, त्यसमा लाग्छु । भिडियोबाट उदाएँ, त्यसलाई बिर्सनु भएन नि ।'

**वैकल्पिक पेसा नर्सिङ**

कारितामा सफल र भर्सटायल अभिनेत्री बन्ने सोच राखेकी कुसुमले नर्सिङ अध्ययन गरिरहेकी छन् । अभिनयमा जति व्यस्त भए पनि नर्सिङ अध्ययन नछाड्ने उनको सोच छ । त्यसो त नर्सिङ उनको सानै देखिको रुचि भने होइन । कोरोनाको लकडाउनमा उनकी आमा धेरै बिरामी भएकी थिइन् । आमा बिरामी हुँदा उनले केही गर्न सकिनन् । लकडाउन भएकाले सजिलै स्वास्थ्य सेवा उपलब्ध पनि भएन । 'आफूले केही नजानेका कारण आमा बिरामी हुँदा केही गर्न नसकेकाले पीडा भयो,' उनले भनिन्, 'त्यही बेलादेखि नर्सिङ पढ्छु भन्ने भयो र पढेँ ।' नर्सिङबाट सर्वसाधारणको सोच छ उनको । नेपालमा नर्सिङको भविष्य नदेखेर विदेश जाने तर्खर गर्दै गर्दा उनलाई गायक प्रकाश सपुतले 'सकम्बरी' गीतको भिडियोमा अभिनय गराएका थिए । भिडियो हिट भयो, उनले राम्रो चर्चा बटुलिन् । अहिले पनि भिडियोको काम लगातार भइरहेको छ । फिल्म पनि गर्दै छिन्, तर पनि नर्सिङ अध्ययन जारी छ । कलाकारितामा चर्चा हुँदाहुँदै किन नर्सिङ ? 'नेपालको कलाकारिता भर छैन । वैकल्पिक बाटो रोज्नुपर्‍यो भने विदेश भाँडा माझ्न नपरोस् भनेर नर्सिङ अध्ययन गरिरहेकी छु,' उनले भनिन् ।

*-रातोपाटी डटकम*

# ग्याङस्टर समाजका लागि घातक : दयाहाङ




अभिनेता दयाहाङ राई प्रदर्शन तयारीमा रहेको फिल्म 'रंगेली'मा ग्याङस्टर चरित्रमा देखिदैं छन् । 'छड्के'पछि यो उनको दोस्रो ग्याङस्टर फिल्म हो । 'रंगेली'को ट्रेलरअनुसार दयाहाङले निर्वाह गरेको पात्र विजय पत्नी सुख र पैसा कमाउने उद्देश्यले ग्याङस्टर बन्छ । मिडिया कुराकानीमा दयाहाङले 'रंगेली'को चरित्रलाई भेगीय हिसाबले भिन्न रहेको बताए । 'मैले अहिलेसम्म गरिरहेको चाहिं प्राय 'ग्रे' चरित्र छन् । ती चरित्रमा नेगेटिभ र पोजेटिभ दुवै कला छ । रंगेलीको चरित्रलाई पनि 'ग्रे' चरित्र मान्न सकिन्छ, तर आम मानिसको सोचाइबाट हेर्दा यसमा 'डार्क' चरित्र नै देखिन्छ । फिल्ममा विजयभित्र रहेका मानवता र अनुभूतिका कुरा छ,' दयाहाङ भन्छन् । फिल्ममा आफूले चित्रण गरेको विजय नामक पात्र समाजका लागि घातक हुने उनको टिप्पणी छ ।

कुल मिलाएर भन्दा यो फिल्ममा उनी 'एन्टिहिरो' चरित्रमा छन्, जुन सामान्य पात्र परिस्थितिवश असामान्य बन्दै जान्छ । 'विजय जस्तो मान्छे निस्कियो भने हामीलाई नै घात हुन्छ कि भन्ने अनुभूति गराउँछ जस्तो लाग्छ । अरू चलचित्रमा मेरो चरित्रले समाजका एकदमै सामान्य मान्छेको जीवनलाई उठान गरेको छ । रंगेलीमा सामान्य मान्छे कसरी असामान्य हुदैँ जान्छ भन्ने कथा छ,' उनले भने । चरित्र निर्माणबारे दयाहाङ राई भन्छन्, 'मेरो चरित्र हेरिरहँदा दर्शकले पर्दामा आफूलाई महसुस गर्न पाउने छन्, जसले यही जीवन बाचिँरहेका छन् वा सहज जीवन यापन गर्न सकेका छैनन् ।' उनले आफूले अभिनय गरेको चरित्र कुनै उद्देश्य प्राप्तिका लागि कति भौंतारिएको बताउँछन् । 'ऊ आफूलाई स्थापित गर्ने तर्फ अघि बढेको छ,' दयाहाङ भन्छन् । दयाहाङका लागि रंगेलीको विजय चरित्र आफैंमा चाखलाग्ने रहेछ । 'विजयले पाउने साथीको साथ, आफूभन्दा अग्रजले दिएको माया, प्रेमिकाले दिएको साथ चाखलाग्दो कुरा हो । यति हुँदाहुँदै पनि वरपरकाले उसका कमजोरीलाई हतियार बनाइरहेका हुन्छन् । जसले हतियार बनाउन खोज्छ, उसको लागि त्यो कसरी फर्केर आउँछ भन्ने कुरा चाहिं मलाई अर्को सबैभन्दा चाखलाग्दो लाग्यो,' उनले भने, 'कसैलाई पनि हीनभावले हेर्नु हुदैँन भन्ने सन्देश पनि चाखलाग्दो छ । त्यो चरित्र निभाइरहँदा पनि आफूलाई महशुस गरिरहेको थिएँ ।' दयाहाङ विजयको चरित्रभित्र इमान्दारिता देख्छन् । 'ऊ आफ्नो जीवनमा इमानदारको साथ हिंड्ने प्रयास पनि गरिरहेको हुन्छ । जब पावर र पैसाको कुरा आउँछ अर्थात् उसलाई पनि जीवनको अलिकति माथि पुग्न मन लाग्छ । किनकि त्यो मान्छेको स्वभाव नै हो । त्यो खोज्दा चाहिं उसको आफ्नो जीवन कठिन बन्छ । त्यो बेला उसलाई वरपरकाले प्रयोग गरिरहेकै हुन्छन् । विजयको मनोविज्ञान भित्रको चापको यात्रा यसमा हेर्न पाइन्छ,' उनले भने । दयाहाङको बुझाइमा कोही मान्छे पनि समाजमा खलपात्र हुदैँनन् । उनीहरू समाजभित्र फरक भएकैले पनि ती पात्रलाई समाजले 'इग्नोर' गर्ने गरेको उनको बुझाइ छ ।

'हरेक मान्छेमा फरक पाटो हुन्छ । म यसरी यो बाटो पुग्छु भनेर जो मान्छे यात्रा गरिरहेको हुन्छ,' उनले भने, 'समाज अगाडि दौडिरहँदा कहींकतै त्यस्ता मान्छे छुट्नु हुन्नँ भन्ने ख्याल राख्नुपर्छ । उसको आवश्यकता सुन्नुपर्छ । उसको पनि समस्या समाधान गर्नेतिर समाज लाग्नुपर्छ ।' 'रंगेली'लाई अर्जुन सुवेदीले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा र सुन्दर धितालको पनि अभिनय छ । यो फिल्म फागुन २५ गते रिलिज हुने तयारीमा छ ।

*-अनलाइनखबर डटकम*

# निफको ओपनिङ चलचित्रमा 'आनी छोइङ डोल्मा'



नेपाल इन्टरनेसनल फिल्म फेष्टिभल 'निफ'को ओपनिङ चलचत्रमा आनी छोइङ डोल्माको जीवनी प्रेरित डकुमेन्ट्री 'आनी छोइङ डोल्मा : नथिङ इम्पोसिबल' रहने भएको छ । फेष्टिभल अध्यक्ष केपी पाठकले जेनिफर लिन र सान बाई निर्देशित डकुमेन्ट्री महोत्सवको उद्घाटनसँगै देखाइने चलचित्रको रूपमा रहने जानकारी दिए । आनीको सांगीतिक यात्रा, भिक्षु जीवन र समाजसेवालाई डकुमेन्ट्रीले प्रस्तुतिको विषय बनाएको छ । निर्देशक लिनले डकुमेन्ट्री आनीको स्वतन्त्रताको खोजीको रूपमा केन्द्रित रहेको बताएका छन् ।

हङकङको सिटी युनिभर्सिटीमा आम सञ्चारकी प्राध्यापक लिनले आनीलाई सात वर्ष पछ्याएर यो डकुमेन्ट्री तयार गरेका हुन् । सन् २०१० मा गरिबीमा हुर्किएका बालिकाको शिक्षाको लागि आनीले स्थापना गरेको आर्यतारा स्कुलको भ्रमणपछि डकुमेन्ट्री बनाउने सोच पलाएको र यसको पाँच वर्षपछि काम थालेको लिनले अन्तर्वातामा बताएका छन् । सात वर्ष लगाएर बनाएको डकुमेन्ट्री अहिले विश्वका फिल्म फेष्टिभलमा आकर्षणको केन्द्र रहदैं आएको छ । डकुमेन्ट्रीले गत साल वार्सा इन्टरनेसनल फिल्म फेष्टिभलमा एसियन प्यासिफिक अडियन्स अवार्ड र नेटप्याक अवार्ड जितेको थियो । डकुमेन्ट्री निफमा पनि माउण्ट एभरेष्ट अवार्डका लागि प्रतिस्पर्धामा रहेको छ । यो विधामा देश विदेशका १३ वटा डकुमेन्ट्री प्रतिस्पर्धामा छन् । विजेता चलचित्रले एक हजार नगद राशिको माउण्ट एभरेष्ट अवार्ड प्राप्त गर्नेछन् । चैत १ देखि ५ गतेसम्म चल्ने चलचित्र महोत्सवमा ४० देशका ८८ चलचित्र प्रदर्शन हुदैँछन् । प्रतिस्पर्धामा रहेका चलचित्रको प्रदर्शनसँगै महोत्सव अवधिभर चलचित्र निर्माणका विभिन्न विधासँग सम्बन्धित रहेर कार्यशाला, छलफल र अन्तर्क्रियाका कार्यक्रम पनि आयोजना गरिने आयोजकले जनाएको छ । महोत्सवमा प्रदर्शन हुने चलचित्र क्यूएफएक्स सिनेमाका शाखाहरू सिभिल मल, लबिम मल, भक्तपुर र छायाँ सेन्टरका हलमा प्रदर्शन हुनेछन् ।

*-इहिमालय टाइम्स डटकम*

# निशाले शरदको सम्पत्तिबाट एक भाग अंश पाउने



अभिनेत्री तथा निर्मात्री निशा अधिकारीले श्रीमान् शरद भेषवाकर 'पूर्वक्रिकेटर'को सम्पत्तिबाट एक भाग अंश पाउने भएकी छन् । काठमाडौं जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको एकल इजलासले निशाले पतिको सम्पत्तिबाट तीन भागको एक भाग पाउने फैसला सुनाएको हो । निशाले छोरा र आफ्नो लागि शरदको सम्पत्तिबाट दुई भाग माग गर्दै २०७९ सालको भदौ २८ गते अदालतमा मुद्दा हालेकी थिइन् ।

अदालतले छोराको अंश भने बालिग नहुन्जेल निशा र शरद दुवैको संरक्षणमा हुने फैसला गरेको छ । निशाले अंश नपाउन्जेल मासिक ५० हजारका दरले आमा-छोरालाई एक लाख रुपैयाँ खर्च दिन समेत माग गरेकी थिइन् । तर, अदालतले निशा र छोरालाई अंश नदिउन्जेल शरदले मासिक ४१ हजार रुपैयाँ खर्च दिनुपर्ने फैसला सुनाएको छ । यो फैसला मंसिर २८ गते भएको हो । शरदले अदालतमा २०७५ मंसिरदेखि निशा आफू खुसी माइत बस्दै आएको र छोराको स्कूलको मासिक खर्च '१० हजार' आफूले बेहोरिरहेको जानकारी गराएका थिए । २०७६ फागुनसम्म निशालाई साढे ११ लाख खर्च दिएको समेत उनको दाबी थियो । शरदले अदालतसमक्ष निशाले अंश लिएर छुट्टै बस्न चाहनु आफ्ना लागि स्वीकार्य भएको समेत बताएका छन् । निशा र शरदबीच सम्बन्ध विच्छेद भने भएको छैन । विवाहित महिलाले श्रीमानसँग डिभोर्स नगरीकन पनि अंश दाबी गर्न पाउने कानुनी व्यवस्था छ । यसैलाई टेकेर निशाले अंशबन्डाको मुद्धा हालेकी थिइन् । त्यसको केही समयपछि छोराको जन्मदिनमा दुवै एकसाथ देखिएका थिए । उनीहरुको विवाह २०७४ सालमा भएको थियो ।

*-फिल्मीखबर डटकम*

# रामपुरमा समृद्ध जीवन विषयक प्रवचन कार्यक्रम



**पाल्पा,** फागुन १५/जिल्लाको रामपुरमा समृद्ध जीवन विषयक प्रवचन कार्यक्रम भएको छ । रामपुर नगरपालिकाको आयोजनामा जीवन विज्ञान सम्बन्धी जानकारी गराई जीवनलाई सुखि र समृद्ध बनाउन सक्षम बनाउने उद्देश्यल प्रवचन कार्यक्रम गरेको हो ।

कार्यक्रममा बोल्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले सुखी र समृद्ध जीवनका लागि योग ध्यान सहित सकारात्मक सौँचको खाँचो पर्ने बताए । उनले भौतिक सुख सुविधाले मात्र मानिसको जीवन खुशी नहुने भन्दै आत्मज्ञान र आत्म सन्तुष्टिले मात्र सुखी र खुशी बनाउने जानकारी दिए । जीवनलाई समृद्ध र समाजलाई अनुशासित बनाउनका लागि सकारात्मक सौँच र आफुलाई चिन्न आवश्यक रहेको उल्लेख गरे । नगर प्रमुख थापाले मानिसले आफुलाई चिन्न नसक्दा र सकारात्मक सौँचको कमीका कारण समाजमा विकृति विसंगति फैलिरहेको औँल्याए । दरैठाँटी माध्यमिक विद्यालय रामपुर ६ विजयपुर पाल्पामा कार्यक्रममा समृद्ध जीवन विज्ञानका विशेषज्ञ योग साधक एलपि भानु शर्माले प्रवचन दिएका थिए उनले जीवनलाई समृद्ध बनाउन स्वयम आफु भित्रको क्षमताको पहिचान र हरेक आवश्यकता परिपूर्ति गर्नुपर्ने बताए । साथै उनले अरुको आवश्यकता पुरा गरेर जीवनको समृद्धि हासिल गर्न सकिने बताए ।

कार्यक्रममा रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले प्रवचन सहितको प्रशिक्षणमा सिकाईएका कुरा व्यवहारमा लागु गरी जीवनलाई समृद्ध बनाउन आग्रह गरे । रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्यदर्शन पण्डितको अध्यक्षतामा भएको कार्यक्रम नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यतामा भएको हो । रामपुर नगरपालिकाका प्रवक्ता एवं वडा १ का वडाध्यक्ष कपिलबहादुर खाँणको स्वागतबाट शुरु भएको कार्यक्रमको सञ्चालन योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए ।

# अझै पाँच जिल्ला पूर्ण खोप घोषणा हुन बाँकी



**काठमाडौं,** फागुन १५/मुलुकका पाँच जिल्लाले पूर्ण खोप जिल्ला घोषणा गर्न सकेका छैनन् । नुवाकोट, पर्सा, रौतहट, महोत्तरी र धनुषा जिल्ला पूर्ण खोप जिल्ला घोषित हुन अझै बाँकी छन् ।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले नुवाकोट र पर्सा पूर्ण खोप घोषणाको तयारीमा रहेको बताए । पूर्ण खोपका लागि दुई वर्षमुनिका बालबालिकाले शत्प्रतिशत खोप लगाएको हेरिने गरिन्छ । ती पाँच जिल्लाका १६ स्थानीय तहलाई पूर्ण खोप घोषणा गर्न बाँकी छ । यसैगरी, नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार चार प्रतिशत बालबालिका पूर्ण खोपबाट बञ्चित छन् । नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार एक प्रतिशत बालबालिका पूर्ण खोपबाट बञ्चित हुन परेको थियो । कोरोना महामारीका कारण बालबालिका खोप लगाउन छुटेका प्रमुख डा. गौतमले बताए । पूर्ण खोप नलगाएसम्म बालबालिका सुरक्षित हुँदैनन्," उनले भने, "विभिन्न रोगबाट बचाउनका लागि बालबालिकालाई सरकारले दिने निःशुल्क खोप लगाउनुपर्दछ ।" सरकारले नौ रोगका लागि १३ प्रकारका खोप बालबालिकालाई निःशुल्क उपलब्ध गराउने गर्दछ ।

सरकारले खोप लगाउन छुटेका बालबालिकालाई प्रत्येक वर्ष वैशाख महिनामा खोप महिनाका रुपमा मनाउँदै आएको छ । उक्त समयमा देशभरि नै खोज र खोप अभियान सञ्चालन गरी नियमित खोप छुट भएका बालबालिकालाई छुट खोप दिइँदै आएको प्रमुख डा.गौतमले बताए । गत वैशाखमा पाँच वर्षमुनिका ४० हजार चार सय ६३ बालबालिकालाई छुटेको खोप दिन सफल भएको उनको भनाइ छ । सरकारले पूर्ण खोपका सुनिश्चितताका लागि तथा दादुरा-रुबेलाको संक्रमणलाई ध्यानमा राखेर दादुरा-रुबेला खोपसँगै हेपाटाइटिस बी, धनुष्टङ्कार, इन्फ्लुयन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियो विरुद्ध खोपसमेत सञ्चालन गरेको छ । -रासस


लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

**घरेलु तथा साना उद्योग कार्यालय**

पाल्पा, तानसेन

**उद्योगहरुलाई प्रविधिमा सहयोग सम्बन्धी कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८०/११/१६*

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम अनुसार यस कार्यालयको कार्यक्षेत्र (पाल्पा जिल्ला) भित्रका उद्योगहरुलाई उद्योगको प्रकृति, आवश्यकता र रोजगारी सृजनाको आधारमा न्यूनतम २५ प्रतिशत लागत साझेदारीमा आधुनिक प्रविधि (मेशिन, उपकरण) सहयोग कार्यक्रम रहेकोले ईच्छुक उद्यमीहरुले आफुलाई आवश्यक पर्ने प्रविधिको विवरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/११/३० गते) भित्र तोकिएको ढाँचामा यस कार्यालयमा (स्वयं उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगाना csiopalpa@gmail.com मार्फत) प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट | लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | आधुनिक प्रविधि भित्र्याउने लघु, घरेलु तथा साना उद्योगलाई सहयोग कार्यक्रम | १० लाख | २५ प्रतिशत | अधिकतम १ लाख सम्मको सहयोग उपलब्ध हुने |
| २ | लघु, घरेलु तथा साना उद्योग (टाका उद्योग) प्रवर्द्धनका लागि सहयोग कार्यक्रम (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौंबाट प्राप्त रकम) | ५ लाख | २५ प्रतिशत | |

१. प्रस्ताव पेश गर्ने ढाँचा कार्यालयबाट उपलब्ध हुनेछ ।

२. प्रस्तावको साथमा निम्न कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) उद्योग दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि

(ख) प्यान दर्ता र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (गत आ.व.सम्मको)

(ग) व्यवसायिक योजना

(घ) स्वघोषणा पत्र

(ङ) विषेश अनुभव, तालिमवा अन्य उल्लेखनीय कार्य सम्बन्धी कागजात (उपलब्ध छ भने पेश गर्नुहुन)

नोट: थप जानकारीको लागि कार्यालयको फोन नं.०७५-५२०२३२ वा मनोज घिमिरे मोबाईल नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ ।

*उद्योग अधिकृत*

*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*


## खेलकुद समाचार

# नामिबियासँग नेपाल पराजित



**काठमाडौं,** फागुन १५/त्रिकोणात्मक टी-२० आई सिरिजको पहिलो खेलमा नामिबियासँग नेपाल २० रनले पराजित भएको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा जितका लागि २०७ रनको लक्ष्य पछ्याएको नेपाल १८.५ ओभरमा १८६ रनमा अल आउट भयो ।

नेपालका लागि दीपेन्द्र सिंह ऐरीले ४७ र कप्तान रोहित पौडेलले ४२ रन बनाए पनि टिमलाई जिताउन सकेनन् । विस्फोटक ब्याटिङ गर्दै ३२ बलमा ४८ रन बनाएका ऐरी १८.४ ओभरमा रुबेन ट्रम्पलम्यानको बलमा क्याच आउट भएपछि नेपालको जितको आशा सकिएको थियो । उनी आउट हुँदा नेपाललाई जितका लागि ८ बलमा २० रन चाहिएको थियो । नामिबियाका रुबेन ट्रम्पलम्यानले ४ विकेट लिए । यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नामिबियाले निकोल लोट्टी इटनको विश्व कीर्तिमानी शतकसँगै निर्धारित २० ओभरमा ४ विकेट गुमाएर २०६ रन बनायो । लोफ्टी इटनले १०१ रन बनाए । त्यसक्रममा उनले ३३ बलमा शतक पूरा गर्दै कुशल मल्लको कीर्तिमान तोडेका छन् । मल्लले एसियाली खेलकुदमा मंगोलियाविरुद्ध ३४ बलमा शतक बनाएर सबभन्दा कम बलमा १०० रनको रेकर्ड बनाएका थिए । लोफ्टी इटनले ३३ बलमै शतक पूरा गर्ने क्रममा ११ चौका र ८ छक्का हानेका छन् । मुलान क्रुगरले ५९ रन बनाए भने माइकल भान लिंगेनले २० रन बनाए । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले २ विकेट लिए भने करण केसी र अविनाश बोहोराले एक/एक विकेट लिएका थिए ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेको उकालो यात्रा जारी



**पाल्पा,** फागुन १५/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार नेप्से परिसूचक नौ दशमलव ३४ अंकले उकालो लागेर दुई हजार एक दशमलव ६४ मा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ११ अंकले उकालो लागेर तीन सय ५७ दशमलव शून्य नौ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । कूल ५२ लाख ३९ हजार चार सय १६ कित्ता शेयर रु एक अर्ब ८६ करोड ९८ लाख १३ हजार पाँच सय २६ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु १४ करोड १९ लाख ६२ हजार छ सय ९० बराबरको कारोबार भयो । शिवम् मिसेन्ट रु आठ करोड २९ लाख ८२ हजार छ सय ६८, हिमालयन रिइन्स्योरेन्स रु छ करोड ४० लाख २६ हजार नौ सय ३९,घोराही सिमेन्ट रु पाँच करोड चार लाख ९० हजार दुई सय ६९ र हिमालयन डिस्टिलरी रु तीन करोड ५८ लाख ६८ हजार नौ सय ६४ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र बिपीडब्ल्यू लघुवित्तको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सामलिङ पावर कम्पनी नौ दशमलव २६, बोटलर्स नेपाल तराई आठ दशमलव ७२ र गुराँस लघुवित्तका शेयरधनीले आठ प्रतिशतले कमाएका छन् । त्यस्तै, चिर्खवा हाइड्रोपावर पाँच दशमलव शून्य छ, कालिञ्चोक दर्शन चार दशमलव ३०, ज्योति विकास बैंकको ऋणपत्र तीन दशमलव ६२, मैलुङ हाइड्रोपावर तीन दशमलव ५३ र खानीखोला हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलव १४ प्रतिशतले गुमाएका छन् ।


**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले :

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई